**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः ३ मितिः २०७७/०२/२९

**भाग-२**

**जोशीपुर गाउँपालिका**

# जोशीपुर गाउँपालिकामा ट्युसन तथा कोचिङ कक्षा सञ्चालन अनुमति कार्यविधि २०७७

**प्रस्तावनाः**

वर्तमान सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (१७ ) ले दिएको अधिकारलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न वाञ्छनिय भएकोले ट्युसन तथा कोचिङ कक्षा अध्यापन अनुमति कार्यविधि २०७७ कार्यपालिकाको मिति २०७७ जेठ २९ गतेको बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

# परिच्छेद- १

# प्रारम्भिक

## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम "ट्युसन तथा कोचिङ कक्षा सञ्चालन अनुमति कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि जोशीपुर गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका" भन्नाले जोशीपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले जोशीपुर गाउ ँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "गाउँशिक्षा समिति" भन्नाले जोशीपुर गाउँपालिकामा गठित गाउँशिक्षा समितिलाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले जोशीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले जोशीपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रसाशकीय अधिकृत" भन्नाले जोशीपुर गाउँपालिकाको प्रसाशकीय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "शिक्षा शाखा" भन्नाले जोशीपुर गाँउपालिकामा रहेको शिक्षा, यूवातथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(ज) "शिक्षा अधिकृत" भन्नाले जोशीपुर गाँउपालिकाको शिक्षाशाखाको प्रमुख वा सो प्रमुखको कामकाजगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) "प्रा.स". भन्नाले जोशीपुर गाउँ पालिकाको शिक्षा शाखाको प्राविधिक सहायक पाँचौं तहको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ञ) "ट्युसन तथा कोचिङ कक्षा" भन्नाले विद्यालय तहमा पठनपाठन गराइने विषय, परीक्षा तयारी, पूर्वतयारी तथा अन्य परीक्षा तयारी सम्बन्धमा अध्यापन गर्ने गराउने कक्षा सम्झनु पर्दछ ।

(ट) "सञ्चालक" भन्नाले ट्युसन तथा कोचिङ कक्षा सञ्चालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ठ) "प्रशिक्षक" भन्नाले ट्युसन तथा कोचिङ कक्षामा अध्यापन गराउने व्यक्ति भन्ने सम्झनु पर्दछ ।

(ठ) "विद्यार्थी " भन्नाले ट्युसन तथा कोचिङ कक्षामा अध्ययन गर्ने व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद- २

## उद्देश्य

३ कार्यविधिको उद्देश्यः

(क) ट्युसन तथा कोचिङ कक्षा सञ्चालनको प्रक्रियालाई नियमसंगत तरिकाले व्यवस्थित गर्न ।

(ख) ट्युसन तथा कोचिङलाई गुणस्तरीय बनाउन ।

## परिच्छेद -३

## अनुमति सम्बन्धि व्यवस्था

४. निवेदन पेस गर्ने : सञ्चालकले ट्युसन तथा कोचिङ सञ्चालन गर्न चाहेमा शैक्षिकसत्र सुरु हनुभन्दा कम्तिमा ३ महिना अगावै सम्बन्धित वडाको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

५. पूर्वाधार पुरा गर्नुपर्ने : अनुसूची १ बमोजिमको पूर्वाधार पुरा गरेको हुनुपर्नेछ ।

६. अनुमति दिनेः नियम ४ बमोजिम अनुमतिका लागि निवेदन परेमा शिक्षा अधिकृतले स्थलगत निरीक्षण गर्नेछ । त्यसरी निरीक्षण गरेपछि नियमानुसार अनुमति दिने वा नदिने बारेमा आफ्नो राय सहित गाउँ शिक्षा समितिमा निर्णयार्थ फाइल पेस गर्नेछ र गाउँ शिक्षा समितिको निर्णयबमोजिम अनुसूची २ अनुसार अनुमति दिन सक्नेछ ।

७. अनुमति रद्द हुन सक्ने : देहायका अवस्थामा ट्युसन तथा कोचिङ कक्षाको अनुमति रद्द हुन सक्नेछः

(क) सम्बधित सञ्चालकले अनुमति पत्र रद्द गरि पाऊँ भनी निवेदन दिएमा ।

(ख) नियम ८ बमोजिमका शर्तहरु नभएमा ।

(ग) प्रचलित ऐन, नियम, नीति उल्लङ्घन गरेमा ।

(घ) सञ्चालकले झुठ्ठा एवम् बदनियतपूर्ण तवरबाट सेवा प्रदान गरेको भन्ने उजुरी प्रमाणीत भएमा ।

## परिच्छेद-४

## सञ्चालकले पालना गर्नुपर्ने शर्तहरु

८. सञ्चालकले पालना गर्नुपर्ने शर्तहरुः

(क) सञ्चालक नेपाली नागरिक हुनुपर्ने ।

(ख) सञ्चालकको ठेगाना, इमेल, टेलिफोन स्पष्ट खुलेको हुनुपर्ने ।

(ग) सञ्चालकले आफुलाई प्रदान गरिएको अधिकार क्षेत्र भित्र रही कार्य गनुपर्ने ।

(घ) प्रचलित नियम बमोजिम योग्यता र अनुभव भएको प्रशिक्षकबाट मात्र कक्षा सञ्चालन गराउनु पर्ने ।

(ङ) प्रशिक्षण खर्चबारे सञ्चालक र प्रशिक्षकबिच अग्रिम सम्झौता गर्नुपर्ने ।

(च) प्रचलित कानुन बमोजिम लेखाजोखा चुस्त र द्रुस्त बनाइ लेखा परीक्षण गराउनु पर्ने ।

(छ) रु ५००००। बराबरको रकमको सञ्चालक र शिक्षा अधिकृत वा निजले तोकेको शिक्षा शाखाको कर्मचारीको नाममा शिक्षा अधिकृतले सिफारिस गरेको बैंकमा मुद्दती खातामा धरौटी राख्नु पर्नेछ ।

## परिच्छेद- ५

## विविध

९. कार्यविधिको संशोधन : ट्युसन तथा कोचिङ कक्षा सञ्चालन अनुमति कार्यविधि २०७७' को संशोधन आवश्यकता भएको समयमा कार्यपालिकाको सामान्य बहुमतबाट संसोधन गर्न सकिने छ ।

१०.प्रचलित कानुनबमोजिम हुने : यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयहरु प्रचालित कानुन बमोजिम हुने छ ।

११.निरीक्षण गर्न सक्ने : यस कार्यविधिको कार्यान्वयन भए नभएको निरीक्षण एवम् अनुगमन गर्ने अधिकारशिक्षा शाखाको हुनेछ ।

१२.बाधा अड्चन फुकाउन सक्ने : यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन आई परेको खण्डमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्ने छ ।

**अनुसूची : १**

**भौतिक पूर्वाधार सम्बन्धमा**

अनुमति पाउनका लागि तपसिल बमोजिमका पूर्वाधार पुरा गर्नु पर्नेछः

तपसिलः

१. भवन १

२. कक्षा कोठा ३

३. डेस्क बेन्च ३०

४. कुर्सी ५

५. प्रस्तावना

६. विधान

५. कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर १

६. प्रशिक्षकः प्रति विषय कम्तिमा २ जना

७. विद्यार्थीः प्रति विषय कम्तिमा १५ जना

**अनुसूची-२**
**नियम ६ सँग सम्बधित**

कोचिङ कक्षा सम्बन्धमा

श्री.................

.................।

त्यस ........................बाट मिति...............मा कोचिङ कक्षा सञ्चालन गर्ने अनुमतिका लागि दिएको निवेदन उपर कारबाही हुँदा "ट्युसन तथा कोचिङ कक्षा सञ्चालन अनुमति कार्यविधि २०७७" .............को परिच्छेद ४ बमोजिमका शर्तहरु पालन गरेको देखिएकाले ...........लाई अनुमति प्रदान गरिएको छ ।

कार्यालयको छाप
स्वकृति प्रदान गर्ने अधिकारीको
नामः
सहीः
पदः
मितिः

आज्ञाले,

कमल राज उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत